**यूनिभर्सल पावर कम्पनी लिमिटेडको**

नियमावली संशोधनको लागि आवश्यक

**<u>तीन महले</u>**

| सािवक व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|
| **नियम २३ गणपूरक सख्ंया :**<br><br>(२३)(ग) नियम २३(ख) बमोजिम पुन बोलाइएको साधारण सभामा गणपुरक सख्ंया नपुगी साधारण सभा नभएमा कम्पनीले ७ दिनको सुचना दिई पुन साधारण सभा बोलाउन सक्नेछ र यसरी बोलाइएको साधारण सभामा कुल शेयर संख्याको कम्तीमा २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी १ जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्धारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाँधा पर्ने छैन । | **नियम २३ गणपूरक सख्ंया**<br><br>(२३)(ग) नियम २३ (ख) मा व्यवस्था भए अनुरुप पुनः बोलाइएको साधारण सभामा कुल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनी उपस्थित नभई सभा हुन नसके कम्तीमा ७ दिनको सूचना दिई पून साधारण सभा बोलाउन सकिनेछ र यसरी बोलाइएको साधारण सभामा उपस्थित शेयरधनीहरु बाट गणपूरक संख्या पुगेको मानिनेछ र सभा गर्न बाधा पर्ने छैन । | आवश्यक भएकोले । |
| **नियम २७ सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br>(२७)(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन संस्थापक समूह र सर्वसाधारण समूहको शेयरधनीहरुले आ-आफ्नो समूहबाट उपदफा २ बमोजिम सञ्चालक नियुक्त वा निर्वाचन गर्नेछन् । तर स्वतन्त्र सञ्चालकको नियुक्ति प्रचलित ऐन बमोजिम सञ्चालक समितिबाट हुनेछ । | **नियम २७ सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br>(२७)(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन साधारण सभाबाट हुनेछ । नियम ३१ को उपनियम १ बमोजिम संचालक नियुक्ति भए पश्चात् बाँकी रहेको संचालक पदको लागि निर्वाचन गरिने छ । | आवश्यक भएकोले । |
| (२७)(२) यस कम्पनीमा कम्तीमा एक जना महिला सहित सात जनाको सञ्चालक समिति हुनेछ । जसको गठन | (२७)(२) यस कम्पनीमा १ (एक) जना महिला सहित ५ (पाँच) जनाको संचालक समिति हुनेछ । जसमध्ये | आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| विधि निम्नानुसार हुनेछ ।<br>(क) समुह "क" बाट ४ जना<br>(ख) समूह "ख" बाट ३ जना | १ (एक) जना महिला संचालक सहित ४ (चार) जना शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्नेछन् र १ (एक) जना स्वतन्त्र संचालक हुनेछ । | |
| **नियम ३१ सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :** | **नियम ३१ सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :** | |
| (३१) खारे इन्भेष्टमेन्ट लिमिटेडको एक्लैले ११% वा सो भन्दा बढी शेयर स्वामित्व रहेको अवस्थामा सञ्चालक समितिमा कम्तीमा १ जना सञ्चालक नियुक्त गर्न पाउनेछ । | ३१(१) सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र खारे इन्भेष्टमेन्ट लिमिटेडले ऋण अवधि भरीको लागि दिएको संस्थागत जमानीको आधारमा तथा यस कम्पनीको शेयरधनी रहुन्जेल सम्म यस कम्पनीको संचालक समितिमा सो प्रत्येक कम्पनीहरुले लिखित जानकारी गराई १ जना संचालक निर्विरोध नियुक्त गर्न पाउने छन् । तर निजहरुको लिखित सहमतिमा अन्य संस्थागत शेयरधनी सस्थाहरुलाई पनि संचालक पदमा नियुक्त गर्न सकिनेछ । | आवश्यक भएकोले । |
| | ३१(२) सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र खारे इन्भेष्टमेन्ट लिमिटेडबाट वा निजहरुले सर्मथन गरेका नियुक्त संचालकहरु मध्येबाट अध्यक्ष र प्रबन्ध संचालकको नियुक्ति हुनेछ । | आवश्यक भएकोले । |
| **नियम ४२ लाभांश सम्बन्धी व्यवस्था :** | **नियम ४२ लाभांश सम्बन्धी व्यवस्था :** | |
| (४२)(५) हाल व्यवस्था नभएको । | (४२)(५) कम्पनीले बोनस शेयर वितरण गर्न सक्नेछ । | आवश्यक भएकोले । |